का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ साउन २०८०, सोमबार
7 August 2023, Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १९३ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




## छानबिनमा तानिए माधव नेपाल र डा. बाबुराम भट्टराई

**यसअघि अख्तियारले मन्त्रिपरिषद्को निर्णयमा आफ्नो क्षेत्राधिकार नरहेको भन्दै २०७६ माघ २२ गते विषेश अदालतमा दायर गरेको मुद्दामा दुवै पूर्वप्रधानमन्त्रीलाई उन्मुक्ति दिएको थियो । उक्त प्रकरणमा संलग्न रहेको भनेर बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले यो आदेश दिएको हो ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

बालुवाटारस्थित ललिता निवास र त्यसले चर्चेको सरकारी जग्गा व्यक्तिका नाममा पुऱ्याउने गरी भएका निर्णयसम्बन्धी प्रकरणमा पूर्वप्रधानमन्त्रीद्धय माधव नेपाल र डा. बाबुराम भट्टराई पनि छानबिनमा तानिने भएका छन् ।

सर्वोच्च अदालतले यस प्रकरणमा मन्त्रिपरिषदका पदाधिकारीसमेतलाई अनुसन्धानको दायरामा ल्याउन आदेश दिएको हो । न्यायाधीश अनिलकुमार सिन्हा र कुमार चुडालको संयुक्त इजलासले आइतबार ललिता निवासको जग्गा हिनामिना प्रकरणमा मन्त्रिपरिषदबाट भएका निर्णयमा समेत संलग्नलाई अनुसन्धान गर्न आदेश दिएको हो । सर्वोच्चको यो आदेशसँगै ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा लैजान २०६६/६७ र २०६९ मा तत्कालीन प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईमाथि अनुनसन्धान बाटो खुलेको हो ।

यसअघि अख्तियारले मन्त्रिपरिषद्को निर्णयमा आफ्नो क्षेत्राधिकार नरहेको भन्दै २०७६ माघ २२ गते विषेश अदालतमा दायर गरेको मुद्दामा दुवै पूर्वप्रधानमन्त्रीलाई उन्मुक्ति दिएको थियो । उक्त प्रकरणमा संलग्न रहेको भनेर बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले यो आदेश दिएको हो ।

'२०६६ चैत २९ र २०६७ वैशाख ३१, २०६७ साउन २८ तथा २०६९ असोज १८ को नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारी वा अधिकारीको पदसोपान ९अनुसन्धानकर्ताको सवाल बमोजिमको 'पिरामिड'को माथिल्लो तहबाट समेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा यो आदेश जारी गरिदिएको छ' आदेशमा भनिएको छ ।

सर्वोच्चको यो आदेशले ललिता निवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई माथि अनुसन्धान अघि बढाउन बाटो खुलेको हो ।

माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद बैठकले पृष्ठ २ मा

## माओवादीमा चुनावी बाटो खुला

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

नेकपा माओवादी केन्द्रमा नेतृत्व छान्न चुनावी बाटो खुला भएको छ । परम्परागत ढंगले कमिटीहरु गठन गर्दा चलायमान हुन नसकेको निष्कर्ष सहित माओवादी केन्द्रले सबै तहका कमिटीहरु निर्वाचन मार्फत् चयन गर्ने बाटो खुला गरेको हो ।

> परम्परागत ढंगले कमिटीहरु गठन गर्दा चलायमान हुन नसकेको निष्कर्षसहित माओवादी केन्द्रले सबै तहका कमिटीहरु निर्वाचनमार्फत चयन गर्ने बाटो खुला गरेको हो ।

माओवादीले अहिलेसम्म अधिकांश पार्टी कमिटी चयन गर्दा टीके प्रथाबाट गर्दै आएको थियो । माओवादी केन्द्रकी केन्द्रीय सदस्य नारायणी शर्माले बैठकले पार्टी तथा जनसंगठनका सम्पूर्ण कमिटीहरु निर्वाचनमार्फत चयन गर्ने जानकारी दिइन् । उनका अनुसार बैठकले अध्यक्ष र वरिष्ठ उपाध्यक्ष पनि सातै प्रदेशका सातवटा वडामा जनतासँग माओवादी विशेष रुपान्तरण अर्न्तगत खटिने निर्णय भएको छ ।

यस्तै, सबै पदाधिकारीको कार्यविभाजन तोकिएको छ भने रुपान्तरण अभियानको कार्यक्रम तय भएको छ । आगामी भदौ १६ गते एक समारोहकाबीच अभियानको शुभारम्भ गर्ने पनि केन्द्रीय कमिटी बैठकले निर्णय गरेको छ । केन्द्रीय कमिटी बैठकबाट जिम्मेवारी पाएका पदाधिकारीहरुले स्थायी र केन्द्रीय कमिटीका नेताहरुको कार्यविभाजनको टुंगो लगाएर सर्कुलर जारी गर्ने महासचिव देव गुरुङले जानकारी दिए ।

काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा पाँच दिन चलेको बैठक समापन गर्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बैठक एकअर्कालाई प्रशिक्षित गर्ने र अन्तरक्रिया गर्ने थलोका रुपमा प्रभावकारी भएको बताए । उनले भने, 'यो बैठक आत्मालोचनाको बैठक पनि भयो । हामीले जतिबेला पृष्ठ २ मा

### नेताहरुको जिम्मेवारी हेरफेर

माओवादी केन्द्रमा पदाधिकारी तथा स्थायी समिति सदस्यहरुको विभाग हेरफेर गरिएको छ ।

केन्द्रीय समिति बस्नुअघि बालुवाटारको पदाधिकारी बैठकमार्फत अध्यक्ष प्रचण्डले जिम्मेवारी फेरबदल गराएका हुन् ।

उपमहासचिव वर्षमान पुन अनन्तले विशेष प्रदेशको जिम्मेवारी पाएका छन् भने अर्का उपमहासचिव पृष्ठ २ मा



हामी माओवादी मात्र छैनौं, जनआन्दोलनबाट आएकाहरु पनि हुनुहुन्छ । यो सबै कुरालाई बुझ्न जरुरी छ । अब हामी नयाँ बैचारिक स्तरबाट उठ्न जरुरी छ ।

**प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

## अनुसन्धानको जिम्मा प्रहरीलाई हस्तान्तरण



> अनुसन्धानका लागि हालसम्म भएका सबै फाइल र आरोपितहरूलाई हामीले ल्याएका छौं । अब सबै कोणबाट हामी अनुसन्धान गर्छौं ।
>
> **किरण बज्राचार्य**
> सीआईबी प्रमुख

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

राजस्व अनुसन्धान विभागले झण्डै एक क्वीन्टल सुन प्रकरणबारे अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई जिम्मा लगाएको छ । विभागले हालसम्म गरेको अनुसन्धान फाइल र पक्राउ परेका आरोपितलाईसमेत सीआईबीको जिम्मा लगाएको हो ।

३ साउनमा विभागको टोलीले त्रिभुवन विमानस्थल भन्सार पास गरेर बाहिरिँदै गरेको मोटरपाट्स भित्र लुकाएको करिब एक क्वीन्टल सुन बरामद गरेको थियो । हालसम्म सो प्रकरणमा विभागको टोलीले १८ जनालाई पक्राउ गरेको छ ।

जसमध्ये एकजना भने हाजिरी जमानीमा छुटेका छन् । विभागले सुन तस्करी प्रकरणमा अन्तरदेशीय अपराध र संगठित रूपमा तस्करी भएको देखिएपछि थप अनुसन्धानको जिम्मा सीआईबीलाई दिएको हो । पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

## काउन्सिलर श्रम तथा श्रम सहचारीहरुको खटनपटन शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा काउन्सिलर श्रम तथा श्रम सहचारी खटनपटनको माहोल शुरु भएको छ । यसअघि नियुक्त भएका केहीको समयावधि सकिएको र केहीको सकिन लागेको छ ।

कुवेतमा कार्यरत श्रम सहचारी हेम कुमार अधिकारीको थप कार्यकाल सकिन लागेपछि मन्त्रालयले श्रम सहचारीको दरखास्त आह्वान गरेको हो । मन्त्रालयले गत मंगलबार काउन्सिलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्ति कार्यविधि तथा मापदण्ड २०७३ अनुसार तोकिएको योग्यता पुगेका कर्मचारीले ३० दिनभित्र आफ्नो योग्यता उल्लेख गरी निवेदन दिन दर्खास्त खुलाएको छ । पृष्ठ २ मा

### मलेसिया र क्यानडा पठाइदिन्छु भन्दै ठग्नेहरु पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि मलेसिया र क्यानडा पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले दोलखाको जिरी नगरपालिका-६ घर भइ हाल काठमाडौंको बुढानीलकण्ठ बस्ने २७ वर्षीया फूलमाया जिरेल र उदयपुरको ताप्लिङ गाउँपालिका वडा नं. २ स्थायी घर भइ हाल काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने ३८ वर्षीय रविन्द्र राईलाई पक्राउ गरेको हो ।

जिरेलले पटक-पटक गरी ३ लाख ७४ हजार रकम लिइ सम्पर्कविहीन भएको र राईले फर्कमान बुढालाई वैदेशिक रोजगारीका लागि मलेसिया पृष्ठ २ मा


## यूएईमा रोजगारको अवसर

कम्पनी: OIL TECH OIL AND GAS SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/०४/०७ चलानी नं.: ६०२०५१४३ LT. No.: 289782

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 115 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Insulation Worker | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Also we need additional positions will be interview - Scaffolder, Scaffolder Helper, Insulators, Sheet Metal Fitter, Sheet Metal Fabricators, Sand Blaster, Spray Painter, Scaffolding Supervisors(CISRS/DIPLOMA or DEGREE and Scaffolding Inspectors (CISR).

फाइनल अन्तर्वार्ता Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन २२ र २३ गते (7 & 8 August, Today & Tommorow 2023) मा हुनेछ ।
फाइनलअ अन्तर्वार्ता Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २५ गते (19 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391/ E-mail : nepalajeets@gmail.com
Itahari Contact No: 9816391855,025581002 / 9851016758
Kathmandu Contact No:9809494042
9823463896, Pokhara Contact No: 9816658385



## मलेसियामा रोजगार

१. कम्पनी : CEKAP SAGAINFERA SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/०४/२१ चलानी नं.: ६०२०५६८८ LT. No.: 290325

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SPECIFIC DIMENSION SDN.BHD
शहर: PULAU

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६०७ LT. No.:231816 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constuction Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३४,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन २९ गते (14 August 2023) मा हुनेछ ।

## UAE मा रोजगार

कम्पनी : JAMS HR SOLUTIONS FZE- JAFZA
शहर: Dubai

पूर्व स्वीकृत मितिः२०८०/०४/२१ चलानी नं.:६०२०५६८७ LT. No.: 290392

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Laborer | 350 | 0 | स. काममा दक्ष | 800 | २८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | ६ | छ | २ वर्ष |

अन्तर्वार्ता विर्तामोड झापामा २०८० साउन ३२ र भदौ १ गते (17 & 18 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ २ र ३ गते (19 & 20 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता बुटवल रूपन्देहीमा २०८० भदौ ४ र ५ गते (21 & 22 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 508/061/062
Damaru Resources Pvt. Ltd.
Gairigaon, Tinkune (Between Annapurnapost and Bajaj Showroom), Kathmandu
Ph: 01-5913578 / 5912968 Mobile: 9801142429 / 9801066233
E-mail: damaruoverseas@gmail.com , Web: www.damaruhr.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ साउन २०८०, सोमबार
7 August 2023, Monday

# लुम्बिनी विकास कोषको उपाध्यक्षमा लामा नियुक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन



लुम्बिनी विकास कोषको उपाध्यक्षमा डा.ल्हारक्याल लामा नियुक्त भएका छन् ।

मन्त्रिपरिषद्को पछिल्लो बैठकले लामालाई कोषको उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । लामाले आइतबार नै नियुक्तिपत्र बुझेका छन् ।

उनी नेकपा माओवादी केन्द्रको केन्द्रीय सदस्य हुन् । लामा विवादास्पद पृष्ठभूमिका व्यक्ति हुन् । तत्कालीन झलनाथ खनाल सरकारको पालामा अर्थराज्यमन्त्री भएका उनी दुईवटा राहदानी भएको प्रकरणमा विवादित बनेका थिए । त्यसपछि उनले १० दिनमै मन्त्री पदबाट राजीनामा दिएका थिए । २०६४ सालको पहिलो संविधानसभामा एमालेबाट समानुपातिक सभासद बनेका लामा २०७० मा माओवादी प्रवेश गरी दोस्रो संविधानसभामा पनि सभासद बनेका थिए । उनी २०५८ सालमा कांग्रेसबाट गुम्बा व्यवस्था तथा विकास समितिको अध्यक्ष बनेका थिए । उनी हातहतियारसम्बन्धी अपराधमा पनि पटक-पटक पक्राउ परेका थिए ।

# बाग्मतीमा भागबण्डा मिलाउन मन्त्रालय थप



**काठमाडौं/मस–** बाग्मती प्रदेशमा सत्ता गठबन्धनबीच भागबण्डा मिलाउन मन्त्रालय संख्या थप गरिएको छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको गठबन्धनले लामो समयदेखि विना विभागीय मन्त्रीका रूपमा काम गर्दै आएका नेपाली कांग्रेसका रामकृष्ण चित्रकारलाई मन्त्रालय फुटाएर उद्योग मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मन्त्री नियुक्त भएको ७७ दिनपछि उनले जिम्मेवारी पाएका छन् । माओवादीले सम्हालेको मन्त्रालय फुटाउने कि कांग्रेसले सम्हालेको मन्त्रालय फुटाउने भन्ने विवाद नमिलेका कारण ७७ दिनदेखि उनी जिम्मेवारीविहीन रहेका थिए ।

माओवादी मन्त्रीहरूले आफ्ना मन्त्रालय फुटाउन नदिने भएपछि कांग्रेसले नै सम्हालेको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय फुटाइएको छ ।

बाग्मती प्रदेशमा कायम रहेको ११ वटा मन्त्रालयमध्ये उद्योग पर्यटन तथा सहकारी मन्त्रालयलाई विभाजन गरी १२ वटा पुर्‍याइएको छ । मन्त्री चित्रकार बागमती प्रदेश सरकारमा लामो समयदेखि बिना विभागीय मन्त्रीको रुपमा रहँदै आएका थिए । उनी नेपाली कांग्रेसको प्रदेश संसदीय दलका उपनेतासमेत हुन् ।

कांग्रेसले भौतिक पूर्वाधार मन्त्रालय विभाजन गरी उनलाई जिम्मेवारी दिनुपर्ने माग गर्दै आएको थियो । यद्यपी नेकपा माओवादी केन्द्रले उक्त मागलाई अस्वीकार गरेपछि कांग्रेसकै भागमा रहेको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरी चित्रकारलाई जिम्मेवारी प्रदान गरिएको बताइएको छ ।

# नागढुंगा–नौबिसे सुरुङको 'रेस्क्यू टनेल' आज 'ब्रेक थ्रु' हुँदै




**काठमाडौं/मस–** नागढुंगा-नौबिसे सुरुङमार्गको 'रेस्क्यू सुरुङ (उद्धार सुरुङ) को सोमबार 'ब्रेक थ्रु' हुँदैछ । विसं २०७६ कात्तिक ४ गते सुरुङको शिलान्यास भएको थियो । 'रेस्क्यू टनेल' को सोमबार खनिसकिने भएको छ । आइतबार दिउँसोसम्म एक मिटरमात्र काम बाँकी रहेको थियो । सोमबार दिउँसो भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला पुगेपछि रेस्क्यू टनेलको 'ब्रेक थ्रु' हुने सडक विभाग, विकास सहायता समन्वय महाशाखाका प्रमुख डा.विजय जैसीले बताए ।

साढे दुई किलोमिटर लम्बाइ रहेको नागढुंगा-नौबिसे सुरुङ मार्गको 'रेस्क्यू टनेल' सँगै मुख्य सुरुङको काम पनि अब १८ प्रतिशतमात्र बाँकी रहेको छ । दुई दशमलव छ किमी लम्बाइ रहेको मुख्य सुरुङको पाँच सय छ मिटर बाँकी रहेको आयोजनाले जनाएको छ ।

## लुम्बिनी प्रदेश

# 'स्थानीय तहमा प्रदेश सभा' कार्यक्रम सञ्चालन गरिने



**बुटवल/मस**-लुम्बिनी प्रदेशसभाले स्थानीय तहमा प्रदेशसभा कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ । निर्माण भएका कानूनको कार्यान्वयनको पक्ष, अब बन्ने कानूनमा एकरूपता ल्याउन र प्रदेशसभा र स्थानीय सरकारबीच कानूनीरूपमा चिनजान नभए पनि आपसी समन्वयका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले जानकारी गराए ।

उनले भने,'स्थानीय सरकारले प्रदेश सरकारलाई चिन्छ, तर प्रदेशसभालाई चिन्दैन । कानूनीरूपमा स्थानीय सरकार र प्रदेशसभाको बीचमा कुनै प्रकारको समन्वय नै छैन ।' प्रदेशसभाले बनाएका कानून स्थानीय सरकारलाई पनि आवश्यक पर्ने र त्यो कानून स्थानीय सरकारले बनाउँदा नबाझिने हुनुपर्ने भए पनि समन्वयको अभावमा कतिपय कानून बाभिएका पनि हुनसक्ने भएकाले त्यस्तो समस्या आउन नदिनका लागि पनि समन्वय आवश्यक रहेको सभामुख घर्तीले बताए ।

उनले आइतबार बुटवलमा आयोजना गरिएको पत्रकारसँग अन्तरक्रियामा संघीय, प्रदेश र स्थानीय तीनवटै सरकारले कानून निर्माण गरिरहेको र एकापसमा बाझिएको छ वा छैन भन्नेसम्मको अध्ययन गर्ने निकाय नहुँदा पनि यसलाई कसरी समाधान गर्न सकिएला भन्ने जिज्ञासा राखेका थिए ।। त्यस्तै उनले कानून बनिरहे पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताए ।

त्यस अवसरमा पत्रकारहरूले बनेका कानूनको अध्ययन गर्न र अब बन्ने कानूनका लागिसमेत सुझाव दिनेगरी विज्ञ समिति गठन गर्न सुझाव दिएका छन् । कार्यक्रममा पत्रकार माधव नेपालले कानून निर्माण गर्दा कार्यान्वयनमा सहज हुने खालको कानून बनाउन सुझाव दिए । उनले एउटा मिडिया हाउसले विभिन्न नाममा १२/१३ ठाउँमा कर बुझाउनुपर्ने बाध्यता रहेको औंल्याउँदै कर तिर्नका लागि एकद्वार प्रणाली बनाउन सुझाव दिए । त्यस्तै बनेका कानून बाझिएका छन् वा छैनन् अध्ययन गर्न विज्ञ समिति बनाउन र अब बनाइने कानून अझै बढी अध्ययन गरेर बनाउनसमेत सुझाव दिए ।

# एक वर्षमा २१ हजार व्यापारीद्वारा नापतौल यन्त्र जाँच



**काठमाडौं/मस–** देशभर एक वर्षमा २१ हजार चार सय ६४ व्यापारीले नापतौल यन्त्रको जाँच गरेका छन् । नेपाल गुणस्तर तथा नापतौल विभागका अनुसार आर्थिक वर्ष २०७९/८० मा देशभरका विभिन्न कार्यालयमा आएर २१ हजार चार सय ६४ व्यापारीले नापतौल यन्त्रको जाँच गराएका हुन् ।

जाँच गराउन आएकामध्ये सबैभन्दा बढी काठमाडौं कार्यालयमा रहेको छ । काठमाडौं कार्यालयमा मात्र एक वर्षमा आठ हजार आठ सय ५८ व्यापारीले नापतौल तथा नाप्ने तौलने यन्त्रको जाँच तथा नवीकरण गराएको कार्यालय प्रमुख राकेशकुमार झाले बताए ।

यस्तै, पोखरा तीन हजार २०, बुटवल सात सय ४५, नेपालगञ्ज एक हजार सात सय ४०, सुर्खेत सात सय, धनगढी एक हजार पाँच सय, सिलगढी दुई सय १४, वीरगञ्ज एक हजार तीन सय २४, जनकपुर पाँच सय नौ, विराटनगर एक हजार एक सय ९७ र झापा कार्यालयमा एक हजार ६ सय ५७ व्यापारीले नापतौल यन्त्रको जाँच गराएका छन् ।

विभागका महानिर्देशक दीनानाथ मिश्रले नापतौल यन्त्र जाँच नगराएका व्यापारीप्रति विभागले कडाइ गरेको बताए । 'नापतौल तथा नाप्ने तौलने यन्त्र नयाँ लिन तथा पुरानोलाई नवीकरण गर्नका लागि हामीले विभिन्न कार्यक्रममार्फत 'डोर टू डोर' अभियानसमेत सञ्चालन गरेका छौं', उनले भने ।

सोही आवमा नौ हजार सात सय ३० व्यापारीलाई नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गर्न अनुमतिपत्र तथा इजाजतपत्र प्रदान गरिएको विभागले जनाएको छ । नयाँ अनुमतिपत्र तथा इजाजतपत्र प्रदान गर्ने कार्यालयमा काठमाडौंले तीन हजार चार सय ४०, पोखरा एक हजार ९९, बुटवल सात सय ४९, नेपालगञ्ज पाँच सय ७५, सुर्खेत तीन सय ७५, धनगढी सात सय ७१, सिलगढी एक सय ११, वीरगञ्ज पाँच सय ६५, जनकपुर दुई सय ३४, विराटनगर नौ सय ४४ र झापा आठ सय ६७ रहेका छन् ।

एक वर्षको अवधिमा चार हजार चार सय ९३ पेट्रोलियम पदार्थ वितरण गर्ने पम्पलाई जाँच गरेको विभागले जनाएको छ ।

यसैगरी नौ सय ५३ भेहिकल ट्यांक जाँच, आठ हजार पाँच सय ४२ ट्याक्सीको मिटर जाँच गरेको छ । नापतौलसम्बन्धी उपभोक्ता हकहित संरक्षणका लागि विभागले आव २०७९र८० मा एक हजार सात सय छ पटक एकल अनुगमन र एक हजार एक सय १३ पटक संयुक्त अनुगमन गरेको छ भने ३३ वटा अभियोगपत्र अदालतमा दायर गरेको जनाएको छ । विभागले सोही अवधिमा रु.सात करोड ४५ लाख २४ हजार नौ सय ३७ राजस्व संकलन गरेको छ ।

---

मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारी वा अधिकारीको पदसोपानबाट समेत अविलम्ब अनुसन्धान सिध्याउन आदेश भएको छ ।

### माओवादीमा...

जनयुद्ध गर्ने भनेका थियौं, त्यतिबेला पनि नेताप्रति अविश्वास थियो । त्यसैगरी अहिलेसम्म पनि अबको बाटो कुन हो भनेर आलोचना खेप्नु परिरहेको छ ।'

अध्यक्ष प्रचण्डले पार्टीले जनसम्बन्धलाई बचाइराख्न नसकेको स्वीकार गरे । 'हरेक असफलताको प्रयोगबाट फेरि उज्यालो बाटो देखिन थालेको छ । हामी माओवादी मात्र छैनौं, जनआन्दोलनबाट आएकाहरु पनि हुनुहुन्छ । यो सबै कुरालाई बुझ्न जरुरी छ' प्रचण्डले भने, 'अब हामी नयाँ बैचारिक स्तरबाट उठ्न जरुरी छ ।'

### नेताहरूको...

जनार्दन शर्मा प्रभाकरले बागमती प्रदेश इन्चार्जको जिम्मेवारी पाएका छन् ।

देवेन्द्र पौडेलले मधेस प्रदेशको जिम्मेवारी पाएका छन् । कर्णालीमा चन्द्रप्रकाश खनाल बलदेव, सुदुरपश्चिममा डिलाराम आचार्यले इन्चार्जको जिम्मेवारी पाएका छन् ।

### अनुसन्धानको...

सीआईबीकी प्रमुख एआईजी किरण बज्राचार्यले विभागले अनुसन्धान फाइल र सबै आरोपितको जिम्मा आफूहरूलाई लगाएको बताइन् । 'अनुसन्धानका लागि हालसम्म भएका सबै फाइल र आरोपितहरूलाई हामीले ल्याएका छौं । अब सबै कोणबाट हामी अनुसन्धान गर्छौं' बज्राचार्यले भनेकी छन ।

### काउन्सिलर...

दर्खास्त दिन मापदण्डअनुसार आवेदन फारम भर्ने अन्तिम मितिसम्म निजामती सेवा प्रवेश गरेको कम्तीमा ३ वर्ष पूरा गरी मन्त्रालयमा कमतीमा एक वर्ष काम गरेको हुनुपर्नेछ । अन्य मन्त्रालयमा दरबन्दी रहे पनि श्रम मन्त्रालय अन्तर्गत काम गरेकाहरु पनि आवेदनका लागि योग्य मानिएका छन् । तर मन्त्रालयमा दरबन्दी रही अन्यत्र काजमा गएका कर्मचारी एक वर्ष पुगेको भए पनि आवेदन दिन अयोग्य हुने मापदण्डमा उल्लेख छ ।

अंग्रेजी भाषाको आईएलटीएसमा कम्तीमा ५ अंक, पीटीईमा ३५ अंक वा टोफल, पिबिटी, सिबिट वा आईबिटीमा क्रमश: ५००, १७३ र ६१ स्कोर ल्याउनुपर्नेछ । एक पदका लागि आधा दर्जन बढी अधिकृत प्रतिस्पर्धामा उत्रिन लागेको स्रोतको भनाइ छ ।

कुवेतबाहेक अन्य देशमा नियुक्त भएका काउन्सिलर श्रम तथा श्रम सहचारीहरुको पनि अवधि सकिन लागेको छ । काउन्सिलर श्रम र श्रम सहचारीको कार्यअवधि २ वर्षको हुने व्यवस्था छ । २०७९ जेठ ११ गते साउदी अरेबियाको रियादका लागि काउन्सिलर श्रम देवेन्द्र कार्की, यूएईका लागि काउन्सिलर श्रम दीनबन्धु सुवेदी, बहराइनको श्रम सहचारीमा जमुना काफ्ले र कतारमा कृष्ण पौडेल नियुक्त भएका थिए ।

त्यस्तै २०७९ मंसिर १६ गते मलेसियाको क्वालालम्पुरका लागि भोलानाथ गुरागाईं, दक्षिण कोरियाको सियोलका लागि चन्द्रकला चौलागाईं ओली र कतारको दोहाका लागि टिकामणि नेउपाने काउन्सिलर श्रममा नियुक्त भएका थिए ।

त्यसैगरी साउदी अरेबियाको जेद्दाका लागि श्रम सहचारी ताम्रराज काफ्ले, मलेसियाको क्वालालम्पुरका लागि दिलिप खड्का, ओमनका लागि गोविन्द प्रसाद आचार्य र संयुक्त अरब इमिरेट्स अबुधाबीका लागि आविद अन्सारी पनि सोही मितिमा नियुक्त भएका थिए ।

श्रम मन्त्रालयले दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स, साउदी अरेबियाको रियाद, मलेसियाको क्वालालम्पुर र कतारको दोहामा गरी पाँच ठाउँमा राजपत्राङ्कित द्वितीय श्रेणी अर्थात उपसचिवलाई काउन्सिलर श्रम बनाएर पठाउने गरेको छ भने संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरबको जोद्दा, मलेसिया कन्सुलेट अफिस, कुवेत, ओमान र बहराइन गरी ६ स्थानमा राजपत्राङ्कित तृतीय श्रेणी अर्थात शाखा अधिकृतलाई श्रम सहचारी राख्ने व्यवस्था गरेको छ । काउन्सिलर श्रम तथा श्रम सहचारीमा नियुक्ति मन्त्रालयका उपसचिव तथा अधिकृतहरुका लागि विशेष आकर्षण रहने गरेको छ ।

### मलेसिया...

पठाइदिन्छु भन्दै रकम ठगी गरेको प्रहरीको आरोप छ । अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक मिलन केसीले पक्राउ परेकाहरुलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको जानकारी दिए ।

### ललिता...

प्रधानमन्त्री निवास विस्तार गर्ने भन्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिएको थियो ।

डा. भट्टराई नेतृत्वको मन्त्रिपरिषद बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । त्यस्तै मन्त्रिपरिषदको निर्णय प्रमाणित गर्ने तत्कालिन मुख्य सचिवहरु माधवप्रसाद घिमिरे र लीलामणि पौडेल पनि अनुसन्धानको दायरामा पर्ने भएका छन् । घिमिरेको सडक दुर्घटनामा निधन भइसकेको छ ।

निर्णय गर्ने वा निर्णय प्रक्रियामा सहभागी हुनेहरुलाई अनुसन्धानको दायरामा नल्याई अह्राए खटाएको काम गर्ने स्तरका कर्मचारी एवं सम्पत्ति लगानी गरी जग्गा खरिद गर्नेलाई मात्र अनुसन्धान केन्द्रित भएकाले यसले समग्र न्याय प्रणालीप्रतिको आमविश्वासलाई समेत जोखिममा पारेको आइतबारको आदेशमा उल्लेख छ ।

विभिन्न मितिमा भएको ललिता निवासको जग्गा व्यक्तिको नाममा ल्याउने नेपाल सरकार

# सरकारी कर्मचारी हुँ भन्दै ठगी गर्ने पक्राउ



**काठमाडौं/मस–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले सरकारी कर्मचारी हुँ भन्दै पेशेवर रुपमा ठगी गर्ने तथा लिखतसम्बन्धी कसुरमा सम्लग्न व्यक्तिलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रौतहट गौर नगरपालिका-३ स्थायी घर भएको सतेन्द्र अधिकारी भन्ने सत्यन्द्रप्रसाद यादव रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक मिलन केसीले बताए ।

उनका अनुसार पक्राउ परेका यादवले आफूलाई वीर अस्पतालको डा. तथा नेपाल सरकार गृह मन्त्रालयको कर्मचारी रहेको भनी जाहेरवालालाई वीर अस्पतालमा जागिरसमेत लगाइ दिन्छु र निजको आफन्तलाई वैदेशिक रोजगारको लागि क्यानडा इजरायल लगायतका देशमा सरकारी कोटामा पठाइ दिने भन्दै विभिन्न व्यक्तिका राहदानी, नागरिकता, सवारी चालक अनुमतिपत्र लागि विभिन्न प्रलोभन र प्रभावमा पारी रु.३० लाख ५५ हजार लिई ठगी गरी सम्पर्कविहिन भई भएको उजुरीका आधारमा निजलाई ललितपुरको ग्वाकोबाट पक्राउ गरिएको हो ।

यसैगरी निजले विकास पाण्डे नाम गरेको व्यक्तिको मोटरसाइकलको बिलबुकमा आफ्नो फोटो टाँसी किर्ते गरेको खुल्न आएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । पक्राउ परेका सतेन्द्रप्रसाद अधिकारी भन्ने सत्यन्द्र यादवलाई ठगी सम्बन्धी कसुर र लिखतसम्बन्धी कसुरमा थप अनुसन्धान एवं कारबाहीको लागि जिल्ला प्रहरी परिसर ललितपुर जावलाखेलमा पठाइएको प्रवक्ता तथा प्रहरी उपरीक्षक केसीले बताए ।

त्यस्तै सर्वोच्च अदालतका न्यायाधीश नहकूल सुवेदीका निजी सुरक्षा अधिकृत (पीएसओ) प्रहरी नायब निरीक्षक प्रभाकार खड्काको पेस्तोल चोरी गरी पक्राउ परेका दुई जनाको प्रहरीले अदालतबाट म्याद थप गरेको छ ।

उक्त पक्ररणमा सिन्धुपाल्चोक बारबिसे-३ का २१ वर्षीय वासुदेव थामी र सिन्धुली गोलान्जोर-४ का २७ वर्षीय मेगबहादुर तामाङलाई शुक्रबार साँझ पक्राउ गरी थप अनुन्सधानका लागि जिल्ला अदालतबाट म्याद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुंगेलले बताए ।

उनका अनुसार पक्राउ परेका थामी र तामाङलाई आज जिल्ला अदालतबाट म्याद थप गरी उक्त घटनाका विषयमा थप आवश्यक अनुसन्धान भइरहेको छ । चोरी गरिएको पेस्तोल तथा त्यसमा लाग्ने सात राउण्ड गोलीसहित म्यागेजिन बौद्धको साघुँ नजिकैबाट बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

# गाउँपालिकाले हटायो जीर्ण पुल

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ साउन



हुम्लाको सदरमुकाम सिमकोटसँग जोडिएको खार्पुनाथ गाउँपालिका वडा नम्बर ४ र ५ को खार्पु नल्नमा रहेको कर्णाली नदीमाथिको दुई वटा पुलमध्ये एउटा जीर्ण पुल हटाइएको छ ।

उक्त पुलको विषयलाई लिएर सामाजिक सञ्जालमा निकै टिकाटिप्पणी हुन थालेपछि गाउँपालिकाले उक्त पुल हटाएको हो ।

गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलले वास्तविक कुरा नबुझेरै खार्पु नल्नामा रहेको जीर्ण पुलको विषयलाई लिएर टिप्पणी हुन थालेको भन्दै उक्त पुल काटेर राखिएको र आवश्यक ठाउँमा राखिने बताए ।

जीर्ण पुल काटेर नबिग्रिएका सामग्री आवश्यक पर्ने ठाउँमा प्रयोग गरिने गाउँपालिकाले जनाएको छ । टाढाबाट हेर्दा राम्रै देखिए पनि पुलको एक पट्टिको भाग कर्णाली करिडोरको सडक निर्माण गर्ने क्रममा चार, पाँच वर्ष अघि क्षति भएको थियो । जीर्ण पुलमा आवतजावत गर्न कठिनाइ भएपछि गाउँपालिकाकै पहलमा सोही स्थानमा एक वर्षअघि नयाँ पुल निर्माण गरिएको थियो ।


## मलेसियामा रोजगार

कम्पनी : THIAM SIENG STEEL CENTER SDN.BHD.
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०४/२१ | चलानी नं.: ६०२०५७२२ | LT. No.: 290489

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker(manufacturing sec) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २९ गते (14 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६४/०६६/०६७

ब्लू ओसियन ओभरसिज प्रा. लि.

पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४९५१७३२, ४९६५८२६, फ्याक्स: ४३६४५७३
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/३० मा दर्ता भएको **प्रा.लि. नं. २७१७६५** को **श्रीकृष्णा इन्फ्रा एण्ड डेभलपर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मधेश प्रदेश

# उद्योगमन्त्री यादवविरुद्ध अख्तियारद्वारा अनुसन्धान शुरु

**काठमाडौं/मस–** मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री र एक कर्मचारीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेको छ ।

मन्त्री सुनिता यादव र मन्त्रालयका सहायक वन अधिकृत लालबाबु यादवले शंकास्पद रकमान्तर गरेको उजुरीपछि आयोगले अनुसन्धान गर्ने निर्णय गरेको हो । प्रदेशका जिल्लाका लागि रेडबुकमा सार्वजनिक भएको योजनाको रकम नियम विपरीत गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तको अन्त्यतिर मन्त्री यादव र कर्मचारी यादवले कमिसनमा रकमान्तरण गरी अनियमितता गरेको उजुरी दर्ता भएपछि अख्तियारको बर्दिवास कार्यालयले अनुसन्धान अघि बढाउने निर्णय गरेको हो ।




अख्तियारको कार्यालयले उक्त उजुरी सम्बन्धमा १५ दिनभित्र छानविन गरी प्रतिवेदन बुझाउन उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयलाई यही साउन १४ गते पत्राचार गरिसकेको छ । गत आवको रेडबुकमार्फत सार्वजनिक भएको पर्यटनतर्फको कार्यक्रम पर्यटन विकासबाट सञ्चालन गर्ने भनिएको करिब ४२ करोड बराबरको योजना संशोधन गरी मन्त्री यादवले विभिन्न शीर्षकका दुई सय ६३ नयाँ योजनामा कमिसनका आधारमा नियमविपरीत विनियोजन गरी रकमान्तर गराएको आरोप छ ।

रेडबुकमा सार्वजनिक गरिएको योजना संशोधन गरी पुनः रकमान्तर गर्ने अधिकार नहुँदा पनि मापदण्डविपरीत आव मसान्तको अन्त्यतिर रकमान्तर गरेर भ्रष्टाचार गरेको भन्दै मन्त्री यादव र सहायक वन अधिकृत यादवविरूद्ध उजुरी परेको छ ।

योजनाको पुनः बाँडफाँट गरिएको भनी रकमान्तर गरिएको अधिकृत यादवले टिप्पणी उठाएका थिए । मन्त्री यादवमाथि रकमान्तर गरिएको सबै योजना १० प्रतिशत कमिसनमा वितरण गरिएको आरोप अख्तियारमा दिइएको उजुरीमा उल्लेख रहेको बुझिएको छ ।

यता अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि मन्त्री यादवले छानबिनमा सघाउन आफू तयार रहेको बताएकी छन् । उनले आइतबार सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै उक्त आरोपमा कुनै सत्यता नरहेको दाबी गरेकी छन् । उनले उजुरी हाल्दैमा सबै दोषी ठहर नहुने पनि भन्दै सत्यतथ्य अनुसन्धानका लागि आफू अख्तियारलाई सघाउन तयार रहेको बताएकी छन् । मन्त्री यादवले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छन्, 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा कसैले कसैमाथि पनि विरोध गर्न पाउनु, उजुरी/आरोप लगाउन पाउनु नितान्त सामान्य कुरा हो । यही त लोकतन्त्रको विशेषता पनि हो । उजुरी हाल्दैमा सबै दोषी ठहर हुने पनि हैनन्, प्रमाणित हुनुपर्दछ ।'

उनले आफूलाई जोडेर मधेश प्रदेशका जिल्लाका लागि सार्वजनिक भएको रेडबुकमा भएको योजनाको रकम नियमविपरीत रकमान्तर गरी अनियमितता गरेको व्यहोरामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास महोत्तरीमा दर्ता गराइएको उजुरीमा कुनै सत्यता नरहेको दाबी गरेकी छन् । आफूविरुद्धको उजुरी आमजनतालाई भ्रमित पारी आफ्नो चरित्रहत्या गर्ने सुनियोजित योजना मात्र रहेको उनको भनाइ छ ।

# दुर्गाथली गाउँपालिकाले खरिद गऱ्यो एम्बुलेन्स, स्थानीय हर्षित

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २१ साउन



बझाङको दुर्गाथली गाउँपालिकाले एम्बुलेन्स खरिद गरेको छ । लामो समयदेखि एम्बुलेन्स नहुँदा बिरामीले भोग्नु परेको समस्यालाई मध्यनजर गर्दै पालिकाले एम्बुलेन्स खरिद गरेको हो । पालिकाले आर्थिक वर्ष २०७९/०८० को बजेटबाट २० लाख १० हजार ५ सय रुपैयाँमा एम्बुलेन्स खरिद गरेको हो भने एम्बुलेन्स पालिकासम्म पुऱ्याउन लाग्ने भन्सार कर नेपाल सरकारले छुट दिएको छ ।

पालिकामा एम्बुलेन्स नहुँदा बिरामीलाई अस्पताल पुऱ्याउन निकै समस्या हुने गरेको थियो । अब पालिकाले नै एम्बुलेन्स सञ्चालनमा ल्याएपछि उक्त समस्या समाधान हुने स्थानीयको अपेक्षा छ । एम्बुलेन्स नहुँदा बिरामीलाई पिठ्युँ तथा स्टेचरमा बोकेर अस्पताल पुऱ्याउनुपर्ने बाध्यता थियो । त्यस्तै आवश्यक समयमा गाडी नपाइने र पाएपनि महँगो भाडा तिर्नुपर्ने बाध्यता थियो । समयमै अस्पताल पुऱ्याउन नसक्दा बिरामीको स्वास्थ्यमा थप जटिलता उत्पन्न हुने गरेको थियो । अब भने बिरामी हुँदा यहाँका नागरिकले भोग्नु परेका समस्याको समाधान हुने र पालिकावासीलाई उक्त एम्बुलेन्सबाट ठूलो राहत हुने पालिकाको दाबी छ ।

पालिकाले खरिद गरेर ल्याएको एम्बुलेन्स अहिले धनगढी आइपुगेको प्रमुख प्रशासकीय अधिकृत देवीप्रसाद जोशीले बताए । उनका अनुसार अहिलेसम्म पालिका पुगिसक्ने एम्बुलेन्स यातायात व्यवस्था कार्यालय धनगढीले सवारीको दर्ता र नामसारीको कार्य अनिश्चितकालका लागि स्थगन गरेका कारणले धनगढीमा रोकिएको छ । यातायात व्यवस्था कार्यालय धनगढीले सवारीको दर्ता र नामसारी सेवा सञ्चालनमा आएपछि नामसारी गरेर एम्बुलेन्स धनगढीबाट दुर्गाथली गाउँपालिका पठाउने उनले जानकारी दिए ।

# पहिरोले घर पुरिँदा बाबु–छोरीको मृत्यु



**काठमाडौं/मस–** काठमाडौंको तारकेश्वर नगरपालिका–५ मा पहिरोले घर पुरिँदा दुई जनाको मृत्यु भएको छ । तारकेश्वर -५ चो गाउँमा शनिबार राति आएको पहिरोले नुवाकोट सामरी घर भई हाल तारकेश्वरस्थित चोगाउँमा भाडामा बस्दै आएका ४१ वर्षीय गणेश तामाङ र उनकी १५ वर्षीया छोरी आस्मा तामाङको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद ढुंगेलले जानकारी दिए ।

उनका अनुसार शनिबार राति घरमाथिबाट खसेको पहिराले तामाङ भाडामा बस्दै आएको घर (टहरो) पुरिएको हो । सोही घटनामा परी आमा सञ्जु तामाङ घाइते भएको र उनको प्राथमिक उपचार गरिएको प्रहरीले जनाएको छ ।

# श्रमदान अभियानमा महोन्याल गाउँपालिकाका अध्यक्ष उपाध्याय



**प्रकाश मिश्र/मध्यान्ह**
कैलाली, २१ साउन

'विकास र समृद्धिमा जनता र जनप्रतिनिधि सँगसँगै' भन्ने मुल अभियान लिएर यतिबेला कैलालीको महोन्याल गाउँपालिकाका अध्यक्ष देवीदत्त उपाध्याय श्रमदान अभियानमा अघि बढेका छन् । सुगम जिल्लाको दुर्गम पालिका हो महोन्याल गाउँपालिका । यस पालिका विकासका दृष्टिकोणले पछाडि परेको पालिकालाई समृद्धितर्फ अघि बढाउन जनता र जनप्रतिनिधि सँगसँगै अघि बढ्नुपर्ने आवश्यकता महसुस गर्दै श्रमदान अभियान अगाडि बढाइएको हो ।

सडक सञ्जाल, यातायात र स्वास्थ्य क्षेत्रको पहुँचयुक्त पालिका बनाउने अभियानमा लागिरहेकै बेला वर्षातमा आएको बाढीका कारण मोहन्याल गाउँपालिका -४ खिमडीस्थित ठूलीगाडको कटानबाट बस्ती जोखिममा परेपछि तत्कालै जनश्रमदानमार्फत नदी तटबन्धको कार्य शुरु गरिएको छ ।

बाढीका कारण बस्ती जोखिममा परेपछि तत्कालका लागि बस्ती जोखिमबाट बचाउन जनश्रमदानमार्फत तटबन्धको कार्य शुरु गरिएको गाउँपालिका अध्यक्ष उपाध्यायले बताए ।

'उक्त तटबन्धका लागि आवश्यक पर्ने ग्याबिन जाली गाउँपालिकले व्यवस्थापन गर्ने भनेको छ । तटबन्ध कार्य सोही स्थानका स्थानीय वासीको जनश्रमदान मार्फत हुँदै छ । यो तटबन्ध अहिले बस्ती जोखिममाबाट बचाउनको लागि बनाएको हो,' अध्यक्ष उपाध्यायले भने, 'तर उक्त बस्तीलाई नदी कटानको जोखिमबाट बचाउनका लागि चालु आर्थिक वर्षको मंसिरसम्ममा तटबन्धका लागि केन्द्र सरकार, प्रदेश सरकार र गाउँपालिका सरकारको साझेदारीमा ३ करोड बराबरको ठेक्का खुल्ने छ ।'

# पशुपति तथा बनकाली क्षेत्रको सरसफाइमा जुटे युवाहरु

**काठमाडौं/मस–** 'दिगो विश्वका लागि युवाहरुमा हरियाली सीप' भन्ने मूल नाराका साथ संसारभर अगष्ट १२ मा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने तयारी भइरहेको छ । नेपालमा पनि सप्ताहव्यापी कार्यक्रम गरी अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदैछ ।

जसअनुरुप आइतबार संस्कृति तथा पर्यटन मन्त्री सुदन किरातीको प्रमुख आतिथ्यता तथा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद, पशुपति क्षेत्र विकास कोष, नेपाल विकास अभियान, युवा अभियानलगायत संघसंसस्थाहरुको सहकार्यमा पशुपति क्षेत्र, बनकाली क्षेत्रमा सरसफाइ, झाडी फाँड्ने, वृक्षारोपण र सरसफाइ सचेतना कार्यक्रम गरिएको छ ।



आगामी सप्ताह देशभर युवा सचेतना, युवा मूल्य मान्यता जागरण अयिभान, युवा दायित्व र जिम्मेवारी बहस, १६औं योजना र युवा नीतिसम्बन्धी छलफल, युवा उद्यमशीलता र रोजगारी, पृथ्वी, वातावरण र जलवायु जोगाउन युवाको दायित्व, युवा सहभागिता र युथ सिभिक स्पेसलगायकात विषयमा विशेष कार्यक्रमहरु हुने छन् ।

सबै युवा र युवा अधिकारकमी, सामाजिक अभियान्ता, राजनीतिक दलहरु, राज्यका निकायहरु र सामाजिक संघसस्थाहरुलाई युवामैत्री वातावरण बानाइ युवाहरुलाई देश निर्माणमा योगदान गर्न संकल्प गर्न जरुरी रहेको युवा अभियान्ता तथा आयोजक संस्थाहरुको आग्रह रहेको छ ।

QATAR मा रोजगारको अवसर | कम्पनी : AAWL BAWL LLKHDMAT
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/२१ चलानी नं.: ६०२०५७२० LT. No.: 290482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 12 | स. काममा दक्ष | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SUNLIGHT CLEANING & HOSPITALITY शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/०४/२१ चलानी नं.: ६०२०५७२१ LT. No.: 290481

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 10 | स. काममा दक्ष | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २९ गते (14 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PALIV INTERNATIONAL PVT. LTD.
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२२**

**प्रसाद डिजीटल म्यूजिक प्रा.लि.** को मिति २०८०/०३/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सामीया इन्टरटेन्मेन्ट प्रा.लि. (प्रा.लि. नं.: ८८७५२)** साथै साविक ठेगाना परिवर्तन गरी **तारकेश्वर नगरपालिका-१०, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०३/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२२**

**बेल्टार कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७८/०९/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पुर्वाञ्चल डेभलपर्स प्रा.लि. (प्रा.लि. नं.: २१३८७१)** कायम गर्ने गरी मिति २०७८/०९/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछ्वापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )

## भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको सूचना



प्रस्तुत विषयमा जिल्ला नवलपरासी (ब.सु.पु.) गैंडाकोट नगरपालिका वडा नं. १५ निवासी भारतीय सेना Ex No. 05841583Y, Hav SAKAS BAHADUR KHADKA (शकस बहादुर खड्का) ले मेरो पत्नीको ना.प.न. ४८९८९ मा नामथर भूमिश्वरी खड्का तथा मेरो पेन्सनपट्टामा पत्नीको नामथर BHUNI SHARI उल्लेख भई नामथर फरक परेकोले एउटै व्यक्ति प्रमाणित गरी पाउँ भनी दिनुभएको निवेदन सम्बन्धमा गैंडाकोट न.पा. १५ नं. वडा कार्यालयको च.नं. ६८, मिति २०८०/०४/१६ को पत्रबाट उल्लेखित व्यहोरा सिफारीस भै आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

*जिल्ला प्रशासन कार्यालय, नवलपरासी, (ब.सु.पु.)*

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघिय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन भक्तपुर

## आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशन मितिः २०८०/०४/२२**

यस कार्यालयबाट मिति २०८०/०२/१८ गते आर्थिक दैनिकमा प्रकाशित ठेक्का सूचना नं. DROBKT/08/079/80 अनुसार दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको परीक्षण गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावाली २०७९ को नियम ३१ ज (५) बमोजिम आर्थिक प्रस्ताव तपसिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| Notice No: | Contract No. | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation | Price Bid Opening Place, Date and Time |
|---|---|---|---|
| DROBKT /08/ 079/80 | DROBKT/ 33701169/ 079/80-35 | (1) Nepal Adarsha Nirman Company Pvt. Ltd., Kuleshwor, Kathmandu<br>(2) Dhukuchhu Construction Co. Pvt. Ltd., Buddhanagar, Kathmandu<br>(3) Karna Builders Pvt. Ltd., Tokha, Kathmandu | Place: Road Division, Bhaktapur<br>Date: 2080/04/29<br>Time: 13:00 |

**Division Chief**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# माओवादी बैठकको सन्देश

सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले पार्टी नेतृत्व चयन गर्न चुनावी प्रक्रिया अवलम्बन गर्ने बाटो खुला गरेको छ । राजधानी उपत्यकामा सम्पन्न माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठकले चुनावी प्रक्रियाबाट नेतृत्व चयनको बाटो खुला गर्ने निर्णय गरेको हो । यो निर्णयसँगै माओवादीभित्र प्रतिस्पर्धाबाट नेतृत्व गर्नेको बाटो खुलेको छ । लोकतान्त्रिक प्रणालीमा प्रतिस्पर्धाबाट नेतृत्व चयन हुनु आधारभूत विषय भएपनि माओवादीभित्र यो नौलो निर्णय हो । किनकि अपवाद बाहेक माओवादीभित्र प्रतिस्पर्धाबाट नेतृत्व चयन हुने गरेको पाइदैन । पार्टीकै नेतृत्व समेत अहिलेसम्म कार्यकर्ताबाट चयन भएको छैन । सेक्टर प्रकरणको असफलतापछि मोहन वैद्यले साढे तीन दशक अगाडि नेतृत्व छोडेपछि निरन्तर पुष्पकमल दाहाल प्रचण्ड पार्टी प्रमुख छन् ।

२०५२ सालदेखि सशस्त्र विद्रोहमा होमिएको माओवादीले कुनैबेला प्रचण्डको नामबाटै 'प्रचण्डपथ'लाई मार्गदर्शक सिद्धान्त नै बनाएको थियो । पछि शान्ति प्रक्रियामा आएपछि उक्त पथ छोडेपनि प्रचण्ड निरन्तर नेतृत्वमा छन् । पार्टी विभाजन र एकता प्रक्रिया चलिरहने माओवादीभित्र प्रचण्डको विकल्प खोज्ने तागत कुनै नेतासँग देखिदैन । प्रचण्ड विकल्पविहीन नेतृत्वमा रहेको माओवादीभित्र अरू कमिटीको नेतृत्व पनि कार्यकर्ताबाट नभएर नेताबाट चयन हुने आएको छ । अहिले बागमती र कोशी प्रदेशको नेतृत्व छोड्ने हो भने हरेक कमिटीको नेतृत्व चयनमा पार्टी नेतृत्व हाबी हुँदै आएको छ । तर यसरी नेतृत्व चयन गर्दा पार्टीको आकर्षण बढ्न नसकेको निष्कर्षसहित चुनावी प्रतिस्पर्धालाई खुला गर्ने औपचारिक निर्णय गरेको छ ।

केन्द्रीय कमिटीको यस्तो निर्णयपछि अब माओवादीको नेता बन्न कार्यकर्ताको मन जित्न आवश्यक छ । नेता बन्न कार्यकर्ता बढाउनुपर्ने र उनीहरूको मन जित्नुपर्ने निर्णयले माओवादीको सुदृढीकरणमा कति सहयोग पुग्छ भन्ने एउटा कुरा हो । किनकि पार्टी सशक्त बन्नलाई नेतृत्व चयन प्रणाली मात्रै नभएर उसले बोक्ने एजेण्डा पनि महत्वपूर्ण हुन्छ । चुनावी प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्ने नेपाली कांग्रेसलाई हेरेर पनि पार्टी बलियो हुन एजेण्डा उत्तिकै आवश्यक पर्ने तथ्य पुष्टि हुन्छ । तर माओवादीको निर्णयले संविधानकै भावना समेत सम्बोधन गरेको छ । किनकि लोकतान्त्रिक गणतन्त्रको अर्थ जनताले आफ्नो नेतृत्व चयन गर्ने प्रणाली हो । जुन माओवादीभित्र अभ्यासमा अहिलेसम्म आउन सकेको छैन । एउटै व्यक्ति साढे तीन दशकसम्म नेतृत्वमा रहने र उसैको रोजाइमा व्यक्तिहरूले पार्टी चलाउने प्रवृत्ति माओवादीभित्र छ । जसलाई यो केन्द्रीय कमिटी बैठकले बदल्न खोजेको छ ।

# शिक्षा ऐन : ऐतिहासिक, तर केही अपुग

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल




### ■ पृष्ठभूमि

राजतन्त्रकालिन समयमा बनेको राष्ट्रिय शिक्षा ऐन, २०२८ लाई विस्थापित गर्ने गरी ५२ वर्षपछि सरकारले विद्यालय शिक्षा ऐन, २०७९ जारी गर्न संघीय संसदमा पठाउने नीतिगत निर्णय गरेको छ। लामो अन्योलताका बीच साहसपूर्वक सार्वभौम संसदमा पेश गर्ने गरी सरकारले चालेको कदम निकै सराहनीय छ। जसले एउटा ठूलो सम्भावना द्वार पनि खुलाएको अनुभूति हुन्छ ।

प्रस्तावित विद्यालय शिक्षा ऐन, २०७९ को कार्यक्षेत्र बालविकास, आधारभूत तह तथा माध्यमिक तहसम्मको विषय क्षेत्र रहेको छ । ऐन निर्माणको मुख्य विषय जग चाहिँ विद्यालय तहको शिक्षा प्रणाली व्यवस्थापन, प्रशासन र गुणस्तर, विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक व्यवस्थापन, पेसागत जनशक्ति विकास, तालिम, शिक्षक तथा विद्यालय कर्मचारीको सेवामा नियुक्ति र अवकाससम्मको पक्ष समेटिएको छ । विद्यार्थी मूल्याङ्कन र प्रमाणपत्रको उपलब्धता तथा संघ तथा जिल्लास्तरका प्रशासकीय संरचना र तीन तहबीच राज्य समन्वयकारी संयन्त्र निर्माणसम्मका आधारभूत सबै विषय क्षेत्रलाई ऐनमा समेटिएको पाइन्छ। ऐनको प्रस्तावनामा 'राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण, समता, एकरूपता र गुणस्तर कायम गर्न' ऐन ल्याइएको बताइएको छ । ऐनमा संघ, प्रदेश र स्थानीय तहको सरकारबाट सरकारी अनुदानमा सञ्चालित विद्यालयलाई सार्वजनिक र सामुदायिक विद्यालयको रुपमा लिइएको छ। ऐनको दफा १५ मा शुल्कसम्बन्धी व्यवस्थामा सार्वजनिक विद्यालयले कुनै पनि शिर्षकमा शुल्क लिन नपाउने र निजी लगानीका विद्यालयहरूले राष्ट्रिय मापदण्डको अधिनमा रही स्थानीय तहले तोकेबमोजिम शुल्क लिन पाउने भनिएको छ । निःशुल्क शिक्षाको परिभाषामा विद्यालयले विद्यार्थी वा निजको अभिभावकबाट कुनै पनि शिर्षकमा शुल्क असुली नगरी दिइने शिक्षा सम्झनु पर्ने उल्लेख छ। साथै, भविष्यमा निजी लगानीका विद्यालयहरू शैक्षिक गुठीका रूपमा सञ्चालन हुने र विगतमा कम्पनी ऐनमा आवद्ध संस्थागत विद्यालयहरू सार्वजनिक गुठीमा रूपान्तरण र सञ्चालन गर्न चाहनेहरूलाई विशेष छुट सुविधा र प्रोत्साहनको प्रतिवद्धता गरिएको छ ।

बालविकास सुविधा चार वर्ष पुगेका बालबालिकालाई एक वर्ष र कक्षा एकदेखि आठसम्मको शिक्षालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने प्रबन्धसहित नौदेखि १२ कक्षाको शिक्षा माध्यमिक भनिएको छ। माध्यमिक तहको शिक्षालाई तीन धार साधारण, संस्कृत तथा प्राविधिक शिक्षा सञ्चालन गर्ने भनिएको छ । विद्यालयमा शिक्षण माध्यम चाहिँ चार भाषा क्षेत्र (नेपाली, संस्कृत, मातृभाषा र अङ्ग्रेजी) खुला गरिएको छ । साथै, सामाजिक, सांस्कृतिक पक्ष समेटिएका विषयहरू नेपाली वा मातृभाषामा अनिवार्य शिक्षण गराउन बाध्य पारिएको छ ।

### ■ शिक्षक र कर्मचारीको निम्ति ऐतिहासिक

यो प्रस्तावित ऐनको मस्यौदाले विद्यालय शिक्षामा शिक्षक व्यवस्थापन र कर्मचारी व्यवस्थापनका क्षेत्रमा धेरै रूपान्तरणकारी पाइला चाल्न खोजेको अनुभव हुन्छ । स्थानीय तहको कानुनबमोजिम विद्यालय कर्मचारीको दरबन्दी सिर्जना हुने, उनीहरूको सेवा सर्त र सुविधा निर्धारण तथा शिक्षक सेवा आयोगको सिफारिसमा मात्र ती जनशक्ति स्थायी नियुक्त हुने प्राबधान गरिएको छ। ऐनले विद्यालयमा सत्र प्रकारका शिक्षक भए वा शिक्षकमा विविधता छ भन्ने प्रश्नलाई समाधानको पक्षमा निकास दिन आधारभूत तहदेखि कक्षा १० सम्मका राहत दरवन्दीलाई स्थायी दरवन्दीमा रूपान्तरण, माध्यमिक तह (कक्षा ११ तथा १२) मा अध्यापन गर्न अस्थायी दरवन्दी, राहत र प्राविधिक माध्यमिक धारका लागि व्यवस्था भएका अस्थायी दरवन्दी, राहतका प्रशिक्षकहरूलाई स्थायी दरबन्दीमा रूपान्तरण गर्ने क्रान्तिकारी मार्ग खोलिएको छ ।

शिक्षकको सेवा प्रवेश, सेवा अवधि र आन्तरिक तथा खुल्ला प्रतिस्पर्धा र कार्यसम्पादनको उमेरहद स्पष्ट गरिएको छ । अध्यापन अनुमति पत्र अनिवार्य भनिएको छ। शिक्षक छनौटमा प्रारम्भिक परीक्षाबाट उत्तीर्ण हुनेहरूका बीचमा मात्र अन्तिम प्रतिस्पर्धा हुने कानुनको व्यवस्था घोषणा भएको छ ।

